अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मिति: २०७६।०६।०२ गते

# प्रेस विज्ञप्ति

## विषय: नियन्त्रणमा लिइएको ।

-----------------------------------------

नापी कार्यालय भक्तपुरमा कार्यरत नापी सर्भेक्षक सिद्धराज जोशीले जग्गा हालसाविक गर्न नापी कार्यालय भक्तपुरबाट तोक आदेश भई फिल्ड नाप जाँच गर्ने क्रममा फिल्ड खर्च भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले निज सर्भेक्षक सिद्धराज जोशीलाई सेवाग्राहीसँग रू. ८,०००।— (आठ हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा भक्तपुर नगरपालिका वडा नं.-९ स्थित लुम्बिनी तन्दुरी एण्ड भोजनालयबाट मिति २०७६।०६।०१ गते उक्त घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**